# सुनवल नगरपालिका विद्यालय सञ्चालन निर्देशिका २०७७

## कक्षा सञ्चालन समय तालिका

१. कक्षा पाँच सम्म सञ्चालन भइ १०० जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुले विद्यालय सञ्चालन नियमानुसार गर्ने
२. कक्षा पाँच सम्म सञ्चालन भएका विद्यार्थी संख्या १०० भन्दा वढी भएका विद्यालयहरुले वरावर विद्यार्थी सख्या हुने गरी २ सिफ्टमा सञ्चालन गर्ने (विहान- ७.०० – ११.००) र दिवा (१२.००- ४.००) विहानी सत्रमा कक्षा ३, ४, ५ र दिवा सत्रमा वाँकी कक्षाहरु
३. कक्षा पाँच सम्म सञ्चालन भएका २०० भन्दा वढी विद्यार्थी भएका विद्यालयहरुले वरावर विद्यार्थी संख्या हुने गरी दुइ सिफ्टमा सञ्चालन गर्ने विहान- ७.०० – ११.००) र दिवा (१२.००- ४.००) विहानी सत्रमा कक्षा ३, ४, ५ र दिवा सत्रमा वाँकी कक्षाहरु
४. कक्षा ८ सम्म सञ्चालन भएका विद्यालयहरुले ३०० सम्म विद्यार्थी भएमा वरावर विद्यार्थी संख्या हुने गरी एक पटकमा १५० जना भन्दा वढी नहुने गरी दुइसिफ्टमा सञ्चालन गर्ने विहान- ७.०० – ११.००) र दिवा (१२.००- ४.००) विहानी सत्रमा कक्षा ५, ६, ७, ८ दिवा सत्रमा वाँकी कक्षाहरु
५. कक्षा ८ सम्म सञ्चालन भएका ३०० भन्दा वढी विद्यार्थी भएमा एक सिफ्टमा ३३ प्रतिशत विद्यार्थी हुने गरी एक दिनमा तीन सिफ्ट वा आइतावार दुइसिफ्ट ६७ प्रतिशत र सोमवार ३३ प्रतिशत हुनेगरी समयतालिका सार्वजनिक गरी सञ्चालन गर्ने
६. १-१० कक्षा सञ्चालन भएका ३०० जना सम्म विद्यार्थी भएका विद्यालयले ५० -५० प्रतिशत गरी २ सिफ्टमा विद्यालय सञ्चालन गर्ने विहान (७.०० – ११.००) र दिवा (१२.००- ४.००) विहानी सत्रमा कक्षा ६, ७, ८, ९, १० र दिवा सत्रमा वाँकी कक्षाहरु
७. कक्षा १-१० सञ्चालन भएका ३०० जना भन्दा वढी विद्यार्थी भएका विद्यालयहरुले एक सिफ्टमा वढीमा २०० जना विद्यार्थी हुने गरी कक्षा सञ्चालन गर्ने
८. १-१२ कक्षा सञ्चालन भएका विद्यालयहरुले एक पटकमा २०० जना भन्दा वढी विद्यार्थी नहुने गरी वा एक पटकमा २५ प्रतिशत विद्यार्थी संख्या हुने गरी सिफ्ट सहितको कार्यतालिका सार्वजनिक गरी विद्यालय सञ्चालन गर्ने विहान (७.०० – ११.००) र दिवा (१२.००- ४.००) विहानी सत्रमा कक्षा उच्च आधारभूत र माविका कक्षाहरु र दिवा सत्रमा वाँकी कक्षाहरु

## कक्षाकोठा भित्रका मापदण्डहरु

१. कक्षाकोठामा एक पटकमा वढीमा २० जना विद्यार्थी, १० वेञ्च, एक वेञ्चमा २ जना र अघि-पछि विद्यार्थीको विचमा कम्तिमा १.५ मिटर दुरी हुनुपर्नेछ ।
२. शिक्षक तथा विद्यार्थीले अनिवार्य माक्स लगाउनुपर्ने छ । प्रत्येक कक्षामा सेनिटाइजरको व्यवस्था भएको हुनुपर्ने
३. कक्षा नियमित सञ्चालन गर्नुपर्ने छ । विचमा कुनै व्रेक टाइम वा छुट्टी दिन पाइने छेन् । सोही अनुसारको शिक्षण कार्यतालिका सार्वजनिक गर्नुपर्नेछ ।
४. विद्यार्थी वस्ने सिट प्लान गरी अनिवार्य भौतिक दुरी कायम गराउनु पर्नेछ । कक्षामा विद्यार्थीलाई कुनै खाली समय छाड्न पाइनेछैन् । निरन्तर शिक्षकको निगरानी हुनुपर्नेछ ।
५. विद्यार्थीलाई वाहिर छाड्दा एक पटकमा एकजना मात्र छाड्न पाइनेछ ।
६. शिक्षकले विद्यार्थीको कपी चेक गर्दा एक पटकमा एकजनाको चेक गर्ने सक्रमण सुरक्षित विधि प्रयोग गर्ने

## कक्षा सञ्चालन समय तालिका तथा सिफ्ट सम्वन्धी व्यवस्था

१. सिष्ट सञ्चालन गर्दा एक कक्षाका विद्यार्थी सवै एक पटकको सिफ्टमा सञ्चालन गर्नुपर्नेछ ।
२. एक समूहका विद्थार्थी र अर्को समूहका विद्यार्थी छाड्दा वा भित्र्याउदाको (कक्षा सुरु र अन्त्य) समय कम्तीमा ५ मिनेटको फरक हुने गरी कक्षा सञ्चालन कार्यतालिका सार्वजनिक गर्नुपर्ने छ ।

## विद्यालयको वाह्य वातावरण सम्वन्धी व्यवस्था

१. विद्यालय प्रवेशको मुल ढोकामा हातधुने सुरक्षित व्यवस्था, पर्याप्त पानी तथा सावुनको व्यवस्था गर्ने
२. ट्वाइलेट सफा, सुरक्षित, निरन्तर डिसइन्फेक्ट गर्ने,
३. विद्यार्थी तथा शिक्षक एकआपसमा कम्तीमा २ मिटरको दुरी कायम गर्ने,
४. विद्यालयमा क्यान्टिन सञ्चालन गर्न पाइने छैन् । विद्यार्थीले आफुले ल्याएका खाजामात्र प्रयोग गर्न पाउनेछन् ।
५. विद्यालयको मुल गेटमा विद्यार्थीको शरीरको तापक्रम जाँची रेकर्ड गर्नुपर्नेछ ।
६. कुनै विद्यार्थीलाई कोभिडसँग मिल्दो जुल्दो लक्षण भएका ज्वारो, रुघा वा खोकी लागेको देखिएका आइसोलेट गरी सुरक्षित गर्नुपर्नेछ ।
७. विद्यार्थीको एकाघरमा कोभिडका सक्रिया विरामी भएमा विद्यालयमा प्रवेश नदिने/ सुरक्षित गर्ने
८. विद्यालय सञ्चालन गर्दा समुदाय तथा अभिभावकको निरन्तर समन्वय तथा सम्पर्क गर्ने,

Scanned with CamScanner

९. विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा २०७७ को पूर्ण पालना गर्ने, अनुसूचि १ र यस नगरपालिकाको सुरुक्षित विद्यालय सूचक पुरा गर्नुपर्नेछ ।

## सूरक्षित विद्यालय सूचक

| क्रस | सूचक | अवस्था |
|---|---|---|
| १ | सुनवल नगरपालिका द्वारा तोकिए अनुसार संख्या र सिफ्टमा कक्षा सञ्चालन भएको | |
| २ | विद्यालय सञ्चालन पूर्व अभिभावक संग राय परामर्श लिएको | |
| ३ | विव्यसको नियमित निगरानी भएको | |
| ४ | टोल टोलमा अभिभावक सहितको सहयोग समिति गठन भएको | |
| ५ | हरेक विद्यार्थी र शिक्षकले मास्क प्रयोग गरेको | |
| ६ | शौचालयमा हरपिक तथा अन्य निर्मलीकरणका सामग्री भएको | |
| ७ | विद्यालय प्रवेश द्वारमा पर्याप्त पानी र सावुनको व्यवस्था भएको | |
| ८ | विद्यालयको सेवाक्षेत्रभित्र कोभिड सक्रमण भएका व्यक्तिवाट विद्यालय सुरक्षित भएको | |
| ९ | शिक्षक तथा कर्मचारीको नमुना कोभिड परीक्षण गरिएको | |
| १० | निम्न आधारभूत तहका वालवालिकाहरुलाई अभिभावक मार्फत विद्यालय ल्याउने गरिएको | |
| ११ | साना वालवालिकाहरुलाई विद्यालयमा १.५ मिटरको दुरीमा वस्ने व्यवस्था भएको | |
| १२ | कक्षाकोठामा सेनिटाइजर भएको | |
| १३ | वडास्तरीय विपद व्यवस्थापन समितिले नियमित अनुगमन तथा निगरानी भएको | |
| १४ | वालवालिकाहरु कोभिड-१९ को स्वस्थ्य सम्वन्धी प्रोटोकलमा पूर्ण जानकार तथा सचेत भएको | |
| १५ | कक्षाकोठा सफा र व्यवस्थित भएको | |
| १६ | आधारभूत स्वस्थ्य सम्वन्धी सामग्री भएको | |
| १७ | हरेक वालवालिकाको नियमित तापक्रम लिने तथा अभिलेखिकरण गरिएको | |
| १८ | कक्षाकोठा, डेक्सवेञ्च, कार्यलय, रेलिङ्ग, खेलसामग्री, सिकाइ सामग्री, प्रतिसमूह एकपटक निर्मालीकरण गरिएको | |
| १९ | वालवालिकामा कुनै समस्या आएमा तत्काल घरपरीवारलाई जानकारी दिने प्रवन्ध भएको | |
| २० | किटाणुरहित विद्यालय तथा कक्षा कोठा सुनिश्चित गरिएको | |
| २१ | वालवालिकालाई हरेक दिन ५ मिनेट मनोपरामर्श तथा सचेतना सम्वन्धी अभिमूखिकरण गरिएको | |
| २२ | कोभिड अवधिभरका लागि शिक्षक तथा विद्यार्थी आचारसहिता निर्माण तथा सार्वजनिक भएको | |
| २३ | विद्यालयले कक्षा सञ्चालन योजना तथा कार्यतालिका सार्वजनिक गरी अभिभावलाई जानकारी दिएको | |
| २४ | कोभिड-१९ तथा अन्य विषय अवस्थाको प्रतिकार्यका लागि पूर्व तयारी भएको | |
| २५ | विद्यालयमा वाह्य व्यक्तिको प्रवेश सुरक्षित भएको | |
| २६ | खाजा, पानी र सिकाइ सामग्री विद्यार्थीले व्यक्तिगत प्रयोग भएको | |
| २७ | कक्षाकोठा खुला, सफा, पर्याप्त हावा आवतजावत गर्न सक्ने भएको | |
| २८ | शिक्षण सिकाइ सामग्री व्यक्तिगत मात्र प्रयोग भएका, प्रयोग पश्चात निर्मालिकरण भएका | |
| २९ | विद्यालयमा निर्मालीकरण/ प्रतिसक्रमणमा प्रयोग हुने औषधी तथा सामग्री पर्याप्त भएको | |

सुनवल नगरपालिकावाट तय भएका उल्लेखित मापदण्ड तथा विद्यालय सूरक्षा रणनीति अनुसार विद्यालय सञ्चालन गर्ने प्रतिवध्दता व्यक्त गर्दछु । मापदण्ड पुरा नभइ विद्यालय सञ्चालन गरेमा संक्रामक रोग निवारण ऐन अनुसारका लागि मञ्जुर छु । सुरक्षित विद्यालय सूचकको पूर्ण सुनिश्तिता गर्दछु ।

Scanned with CamScanner